# सञ्चारिका लेखमाला
## Sancharika Feature Service

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष ८ | अंक १ | मासिक | पुस/माघ | January 2005



■ *बलात्कारी मार्ने कानुन ओभ्रेलमा* ✍ **अरुण बराल**
बलात्कार जघन्य अपराध हो भन्ने कुरा त बलात्कृत महिलाले बलात्कारीलाई मार्न पाउँछिन् भन्ने कानुनले नै प्रष्ट पारेको छ ।

■ *पारिश्रमिकबाटै पीडित अभिनेत्रीहरू* ✍ **विश्वमणि सुवेदी**
समान कामका लागि असमान ज्याला पाउन बाध्य अभिनेत्रीहरूको पीडा ।

■ *माइतीबाटै अपहेलित चेली समाजमा सम्मानित* ✍ **रेवती सापकोटा**
प्रेमविवाह गरेकै कारण बाबुबाट दुर्व्यवहार सहन बाध्य काभ्रेपलाञ्चोकको उनमाया तामाङको पीडा ।

■ *७५ वर्षीया मीरा किताब बोकेर स्कुलतिर* ✍ **कमल गिरी**
पढेर डाक्टर होइन, इन्जिनियर बन्ने इच्छा पनि होइन, तर मान-प्रतिष्ठा कमाउने इच्छा छ यी वृद्धाहरूको ।

■ *बोक्सीको आरोपमा पाल्लो खेप्न विवश बुद्धिसरा* ✍ **नारायण विवश**
कति महिलालाई त थाहै हुँदैन गाउँलेले आफूलाई बोक्सीको शंका गरेको ।





संचारिका समूह/नेपाल


# बलात्कारी मार्ने कानुन ओभ्रेलमा

*बलात्कार गरेका समाचार त हामी दिनहुँजसो समाचारमा पढ्न र सुन्न पाउँछौं तर बलात्कार गर्ने पुरुषलाई मारेको घटना त सुनेका पनि छैनौं होला । तर, हाम्रै कानुनले बलात्कारीलाई मार्न दिएको छुट कति प्रभावकारी छ त ?*

✍ **अरुण बराल**

मोरङ्ग जिल्लाको बयरवन गाविस- ३ निवासी इन्द्रमाया मगरले २०५९ कार्तिक २८ गते राति आफूलाई बलात्कार गर्न आउने एक युवकलाई खुर्पाले काटेर हत्या गरिन् । त्यतिखेर उनलाई आफू २० वर्ष जेल पर्छु भन्ने डर लागेको थियो । बलात्कारीलाई मार्ने महिलालाई सजाय हुँदैन भन्ने कुरा इन्द्रमायालाई त्यसअघिसम्म थाहा थिएन । उनले अन्यायको प्रतिकार गर्ने क्रममा बयरवन-३ निवासी २६ वर्षीय अशोक राईलाई मारेकी हुन् । मुलुकी ऐन जबर्जस्ती करणीको ८ नं. महलले दिएको विशेष अधिकार प्रयोग गरेर इन्द्रमायाले अशोकलाई मारेकीले उनीलाई सजाय नभएको हो ।

बत्तीस वर्षीया इन्द्रमायाका श्रीमान् रविनकुमार मगर रोजगारीका सिलसिलामा विदेश गएका थिए । घरमा स-साना छोराछोरी मात्रै भएका अवस्थामा स्थानीय अशोक राईले राति १२ बजेतिर झुप्रे घरमा जबर्जस्ती प्रवेश गरी इन्द्रमायालाई हातपात गर्न थाले । राईले इन्द्रमायालाई हात बाँधेर बलात्कार गर्न लाग्दा उनले डोरी चुँडाइन् र नजिकै रहेको खुर्पा टिपेर ती युवकको शरीरमा जथाभावी प्रहार गरिन् । शरीरको विभिन्न भाग काटिएपछि भाग्दै गर्दा नजिकैको खेतमा अशोकको मृत्यु भयो । भोलिपल्ट स्थानीय पथरी प्रहरीचौकीमार्फत् इन्द्रमायालाई जिप्रका विराटनगर पुऱ्याइयो । तर, महिलाले पाएको विशेष अधिकारअन्तर्गत १५ दिनपछि नै उनी निर्दोष सावित भइन् र थुनाबाट छुटिन् ।

इन्द्रमायाले बलात्कारीलाई मारेको यो घटना दुई वर्षअघिकै हो । तैपनि सुनसरी-मोरङ्गलगायत देशका विभिन्न भागमा अहिले पनि इन्द्रमायाजस्तै महिला दिनहुँजसो बलात्कृत भइरहेका छन् । इन्द्रमायाजस्ता महिलाले पनि तत्कालै बलात्कारीलाई काटेर वा अन्य तरिकाले मार्ने हो भने उनीहरूलाई पनि कुनै सजाय लाग्दैन । बलात्कारीलाई मार्न कानुनले नै बलात्कृत महिलालाई छुट दिएको छ । तर, धेरै महिलालाई आफूले पाएको यस्तो कानुनी अधिकारका बारेमा जानकारी छैन । काठमाडौंको बत्तीसपुतलीमा किराना पसल गर्ने रेखा नामकी एक युवतीले भनिन्- 'ए ऽऽ मलाई त यस्तो कानुन छ भन्ने अहिलेसम्म थाहै थिएन ।'

*'बलात्कारीलाई मार्नु भनेको मृत्युदण्ड होइन, आत्मरक्षाको अधिकार हो । यस्तो 'सेल्फ डिफेन्स' को अधिकारलाई अन्तर्राष्ट्रिय कानुनले पनि मान्यता दिएको छ ।'*

मुलुकी ऐन जबर्जस्ती करणीको महलअन्तर्गत ८ नम्बर बुँदामा बलात्कार गर्ने वा गर्न खोज्ने पुरुषलाई पीडितले मार्न पाउने अधिकारको व्यवस्था गरिएको छ । महिलाको सतित्व रक्षाका लागि विशेष व्यवस्था गरिएको उक्त ऐनमा भनिएको छ- 'आफूलाई जबर्जस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँधछाँद इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यसबखत कराई गुहार मागी वा अरू केही उद्योग गरी त्यस्तो जुल्मीको पञ्जाबाट उम्की भागी आफ्नो धर्म बचाउन नसक्ने अवस्था परी त्यस्ता जुल्मीलाई आफ्ना अक्कल बर्कतले सक्नेसम्मका कुरा केही नगरे आफ्नो धर्म नष्ट हुनेसम्मको ठूलो डर त्रास परी करणी लिन नपाउँदै वा उसैबखत आफ्नो जोड बल पुग्न नसकेमा करणी लिइसकेपछि पनि सोही कुराको रिस थाम्न नसकी उसैबखत करणी लिएकै थलामा वा त्यहींदेखि लपेट्दै गई एक घण्टाभित्र हतियार, लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन ।'

मुलुकी ऐनको यो व्यवस्थाअनुसार महिलाले करणी हुनुपूर्व नै वा करणी गरिसकेको एक घण्टापछि अपराधीलाई मार्दा हुन्छ । पहिले हार-गुहार माग्दै कराउनुपर्छ, त्यसपछि पनि केही नलागे करणी भइसकेपछि पनि एक घण्टासम्ममा जहाँसम्म खेदेर मारे पनि हुन्छ । पीडित महिलालाई कानुनले अझ के पनि सहुलियत दिएको छ भने एक घण्टाभित्रमा जस्तोसुकै हतियार प्रयोग गरेर भए पनि बलात्कारीलाई मार्न

पाइन्छ। तर, खेतालो लगाएर मार्नचाहिँ हुँदैन। तर, एक घण्टा बितिसकेपछि मार्‍यो भने पाँच हजार रुपैयाँसम्म जरिवाना वा दश वर्षसम्म कैद हुने कुरा ऐनमा उल्लेख छ।

कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) मार्फत् महिलासम्बन्धी मुद्दा-मामिला हेरिरहनुभएकी प्राध्यापक डा. शान्ता थपलिया बलात्कारीलाई मार्न पाइने कानुनको व्यापक प्रचार-प्रसार हुनुपर्ने बताउनुहुन्छ। डा. थपलिया भन्नुहुन्छ- 'बलात्कारीलाई मार्न पाइन्छ भन्ने सन्देश गाउँ-गाउँमा अभियानकै रूपमा लैजानु आवश्यक छ।' महिलाले यो अधिकार प्रयोग गरेर बलात्कारीलाई धमाधम मारिदिने हो भने बलात्कारका घटनामा ठूलो कमी आउने उहाँको धारणा छ। तर, महिलाको हितमा भइकन पनि महिलाले नै यो कानुनबारे थाहा नपाउँदा यसको उपयोग हुन नसकिरहेको उहाँको गुनासो छ। देशमा हाल बलात्कारका घटनाहरू अत्यधिक भइरहेकाले यस्तो अवस्थामा बलात्कारी मार्न पाइने कानुनको प्रचार-प्रसार व्यापक पार्नुपर्ने उहाँको राय छ। अझ डा. थपलिया के पनि भन्नुहुन्छ भने बलात्कार गर्न आउने पुरुषलाई कुन ठाउँमा हान्दा ऊ खुत्रुक्कै मर्छ भन्ने कुरा पनि महिलालाई सिकाइराख्नुपर्छ। पारिवारिक मुद्दा-मामिलामा लामो अनुभव बटुले पनि थपलिया अहिलेसम्म नेपालमा पीडित महिलाले बलात्कारीलाई मारेको कुरा आफूलाई थाहा नभएको बताउनुहुन्छ। मोरङ्गकी इन्द्रमायाले गरेको प्रतिकारलाई उहाँ 'दुर्लभ घटना' मान्नुहुन्छ। उहाँ भन्नुहुन्छ- बलात्कारीलाई मार्न पाइने कानुन मानवोचित र जायज छ। महिलाले आवेशमा होइन, विवेककै प्रयोग गरेर पनि एक घण्टाभित्रमा बलात्कारीलाई मार्न हुन्छ।

बलात्कारी मार्न पाइने कानुनको प्रचार-प्रसारले बलात्कारसम्बन्धी अपराधमा कमी आउँछ भन्ने डा. थपलियाको तर्कमा अधिवक्ता शान्तिदेवी खनाल भने पूर्णरूपमा सहमत हुनुहुन्न। पारिवारिक मुद्दामै बहस गरिरहनुभएकी अधिवक्ता खनाल भन्नुहुन्छ- 'यस्तो अभियानले मात्रै समस्याको निराकरण हुन सक्दैन। सबैभन्दा पहिला राज्यले मानवीयतासम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।' आफ्नो सतित्वको रक्षा आफैं गर भनेर राज्यले महिलालाई अधिकार दिएजस्तो मात्रै गरेको खनालको आरोप छ। संविधानले समेत मृत्युदण्डलाई निषेध गरेका अवस्थामा मान्छे मार्न पाइने कानुनलाई मानवीय र जायज मान्न सकिएला त भन्ने प्रश्नमा उहाँ भन्नुहुन्छ- 'बलात्कारी मार्न

***इन्द्रमायाजस्ता महिलाले पनि तत्कालै बलात्कारीलाई काटेर वा अन्य तरिकाले मार्ने हो भने उनीहरूलाई पनि कुनै सजाय लाग्दैन। बलात्कारीलाई मार्न कानुनले नै बलात्कृत महिलालाई छुट दिइएको छ।***

पाइने कानुन मानवअधिकार संरक्षणकै लागि बनेको हो। पुरुषलाई आफ्नो मानवअधिकारको संरक्षण चाहिएको हो भने उसले महिलाको मानवअधिकार हनन गर्न भएन, ऊ बलात्कार गर्न जाँदैन भने मारिने प्रश्नै आउँदैन।'

नेपाल बार एसोसिएसनका केन्द्रीय सदस्य तथा अधिवक्ता टीकाराम भट्टराई पनि बलात्कारी मार्न पाइने कानुन अन्तर्राष्ट्रिय मूल्य-मान्यता र मानवाधिकारविपरीत नभएको जिकिर गर्नुहुन्छ। संविधानले भनेको मृत्युदण्ड र मुलुकी ऐनले दिएको आत्मरक्षाको अधिकार फरक-फरक कुरा हुन् भन्ने उहाँको तर्क छ। 'बलात्कारीलाई मार्नु भनेको मृत्युदण्ड होइन, आत्मरक्षाको अधिकार हो। यस्तो 'सेल्फ डिफेन्स' को अधिकारलाई अन्तर्राष्ट्रिय कानुनले पनि मान्यता दिएको छ।' - भट्टराईको तर्क छ। मुलुकी ऐनले २०२० सालमै महिलालाई यस्तो मानवोचित अधिकार दिएको उहाँ बताउनुहुन्छ। मान्छे मार्न पाइने कानुनलाई अभियानका रूपमा प्रचारमा लैजाँदा हिंसालाई प्रश्रय हुँदैन ? भन्ने प्रश्नको खण्डन गर्दै अधिवक्ता भट्टराई भन्नुहुन्छ- 'कानुनले दिएको अधिकारको प्रचार-प्रसार गर्नु गलत कुरा होइन, यस्तो कुराको प्रचार-प्रसार गर्नु पत्रकारको पनि दायित्व हो।'

बलात्कारीलाई मारेर बहादुरी देखाउने इन्द्रमायाजस्ता साहसी महिलालाई मानव अधिकारवादीले सार्वजनिक अभिनन्दन गरेर देखाइदिने हो भने धेरै बलात्कारी हतोत्साही हुने थिए जसले गर्दा बलात्कारका घटनामा पनि कमी आउने कुरामा दुईमत छैन।

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

# पारिश्रमिकबाटै पीडित अभिनेत्रीहरू

*पर्दामा चिटिक्क परेर देखिने अभिनेत्रीलाई देख्दा लाग्छ यिनीहरूको के पीडा होला र ? तर वास्तविकता त्यस्तो छैन ।*

**✍ विश्वमणि सुवेदी**

अभिनेत्री प्रिया रिजालले आफूद्वारा अभिनीत चलचित्र 'औंठाछाप' मा 'पहिलो चान्स' भन्ने नाममा सित्तैमा खेल्नुपर्‍यो । तर, पहिलोपटक नै अभिनय गरेका नायकलाई भने करारनामा गरेर गतिलै रकम बुझाइयो । प्रियाले दोस्रो चलचित्र 'देशद्रोही' मा मूल नायिकाको भूमिका निर्वाह गरेबापत उनलाई दिने भनिएको रकम लामो समयसम्म ताकेता गर्दा पनि दिइएन । चलचित्र निर्माता संघमा उनले ३० हजार रुपैयाँको मागदाबी गर्दै निर्माताविरुद्ध उजुरी पनि हालिन् । तर, संघले न्याय नदिएको उनको गुनासो छ । निर्माता संघ धाउँदामात्रै प्रियाको ६ हजारभन्दा बढी खर्च भयो । हामी महिलाको दुःख बुझिदिने मानिस फिल्म लाइनमै छैनन् ।' यो घटनापछि प्रियाले ठूलो पर्दा छाडेर टेलिसिरियल गहनामा अभिनय गरिन् । आर्थिक विवशताले गर्दा पुतलीसडक र टेकुका डान्स रेष्टुराँहरूमा नाचिन् पनि । तर, कतैबाट पनि उचित पारिश्रमिक पाइनन् उनले । आजभोलि घरमै बस्छिन् उनी ।

यसैगरी अभिनेत्री विपना थापाले चलचित्र 'जन्मभूमि' मा पहिलोपटक अभिनय गर्दा निर्माताले उनलाई २१ हजार रुपैयाँ पारिश्रमिक दिएका थिए । तर, त्यही चलचित्रमा काम गरेबापत अभिनेता सरोज खनाललाई भने विपनाको भन्दा दोब्बर पारिश्रमिक दिइयो ।

*असमान पारिश्रमिककै कारण अधिकांश इमान्दार नेपाली नायिका नेपाली चलचित्र उद्योगबाट पलायन हुँदै गएका छन् ।*

पुरुषद्वारा निर्मित चलचित्रमा मात्रै होइन, स्वयं महिलाले नै निर्माण गरेको चलचित्रमा पनि महिला असमान पारिश्रमिकको सिकार भएका छन् । अभिनेत्री करिश्मा मानन्धरद्वारा निर्मित चलचित्र 'बाबुसाहेब' का लागि छनोट भएकी अभिनेत्री पूजा चन्दको हातमा जति रकम थमाइयो, त्यही चलचित्रमा त्यति नै भूमिका र जिम्मेवारीका लागि अभिनेता भुवन केसीलाई भने पूजाको भन्दा तीन दोब्बर रकम दिइयो । त्यसो त अभिनेत्री करिश्मा मानन्धर आफैं पनि असमान पारिश्रमिकको सिकार बनेकी पीडित हुन् । निर्माता अशोक शर्माले चलचित्र 'अल्लारे' का लागि राजेश हमाललाई अनुबन्धित गराउँदा १ लाख ५० हजार रुपैयाँ दिएका थिए । तर, त्यही चलचित्रमा अभिनेत्री करिश्माले भने राजेश हमालको भन्दा निकै कम पारिश्रमिक पाएको बताइन् ।

असमान पारिश्रमिककै कारण अधिकांश इमान्दार नेपाली नायिका नेपाली चलचित्र उद्योगबाट पलायन हुँदै गएको चलचित्र निर्देशक एवं समालोचक प्रकाश सायमी बताउँछन् । नेपालमा चलचित्र प्रविधिको विकासकालमै चर्चा प्राप्त गर्न सफल चलचित्र 'माइतीघर' की अभिनेत्री माला सिन्हा चलचित्रबाट आत्मनिर्भर हुन नसक्ने देखेर पलायन भएको सायमीको ठहर छ । चलचित्र 'फेरि भेटौंला' का संवाद लेखक समेत रहेका सायमी भन्छन्- 'फेरि भेटौंलाकी नायिका मनीषा कोइरालालाई नेपाली सिनेमाले फेरि भेट्न नसक्नुमा असमान पारिश्रमिक र अव्यवस्थित नीति नै दोषी छ ।' जीवन्त अभिनयकी धनी अभिनेत्री तृप्ति टोटलानीको पलायनको मूलकारण असमानता र अपमान भएको चलचित्र समीक्षक डा. प्रदीप भट्टराई बताउँछन् । समालोचक सायमीको ठहर छ- 'नेपाली सिनेमाले आजको जस्तो बजार नलिएको अवस्थामा महिलाले सित्तैमा सिनेमामा काम गरिदिनुपर्ने, सिनेमामा आइसकेपछि सित्तैमा बद्नाम पनि हुनुपर्नेजस्ता कारणले कतिपय अभिनेत्री पलायनको सिकार भएका हुन् ।'

असमानता र प्रोत्साहनको अभावले नेपाली चलचित्र उद्योगबाट अभिनेत्रीहरू सनी रौनियार,

कृष्टि केसी (मैनाली), रूपा राना, मौसमी मल्ल, सारङ्गा श्रेष्ठ र अञ्जना श्रेष्ठ सुब्बा पनि पलायन भएका छन् । चलचित्रको पारिश्रमिकमा निर्भर हुन नसक्दा कुशल नृत्यकार तथा अभिनेत्री मिथिला शर्मा एउटा विद्यालयमा नृत्य शिक्षिकाको रूपमा कार्यरत रहेको सुन्दा कसलाई दुःख लाग्दैन ? त्यस्तै नवअभिनेत्री अरुणिमा लम्साल ब्युटीपार्लर सञ्चालन गरेर बस्न बाध्य छिन् । च्यानल नेपालमा कार्यरत सञ्चारकर्मी तथा अभिनेत्री सरिता लामिछाने भन्छिन्- 'पेशागत सुरक्षाको ग्यारेण्टी नभएसम्म महिला कलाकारले साइडजब खोज्नु बाध्यता हो ।' तर, अभिनेत्री जल शाह भने नेपाली महिला कलाकारमा आत्मविश्वासको अभाव हुनाले उनीहरू चाँडै आत्तिने गरेको बताउँछिन् । जलको तर्क छ- 'हामी जति संघर्षशील र मेहनती हुनुपर्ने हो, त्यो हुन सकेका छैनौं ।'

महिला कलाकार र खास गरेर नवयौवनाप्रति बेलाबेलामा सञ्चारकर्मीले खराब नियतका सामग्री सम्प्रेषण गर्नाले पनि उनीहरू हतोत्साहित हुने गरेको कटु अनुभव सुनाउँछिन्, नायिका रेजिना उप्रेती । रेजिनाको दुखेसो छ- 'चाहिने-नचाहिने हल्ला चलेपछि काम गर्ने जाँगर नै हराउन थाल्छ ।'

लामो समय चलचित्र निर्माता संघको न्यायिक समितिमा रहेर थुप्रै मुद्दा-मामिला हेरिसकेका संघका पूर्वसचिव तथा चलचित्र निर्माता श्याम सापकोटा सिनेमा क्षेत्रमा लेनदेनको प्रवृत्तिबाट महिला नै बढी पीडित हुने गरेको स्वीकार्छन् । पारिश्रमिकमा चित्त नबुझे पुरुष कलाकारले निर्मातालाई ज्यान मार्ने धम्कीसमेत दिने गरेका छन् । तर, कतिपय महिला कलाकारले न्यायका लागि गुहार माग्नसमेत हिचकिचाउने गरेकाले न्याय पाउन नसकेको सापकोटाको धारणा छ । महिला कलाकारलाई सकेसम्म बिनापारिश्रमिक काम लगाउने प्रवृत्ति बहुसंख्यक निर्मातामा रहेको सापकोटाको आरोप छ । कलाकारले उचित पारिश्रमिक नपाएमा उजुरी हाले पनि दुवैपक्षको कुरा सुनेर संघले पीडकहरूलाई नैतिक दबाबमात्रै दिन मिल्ने सापकोटाको कथन छ । तर, संघले दबाब दिएकै भरमा निर्माताहरूले बाँकी-बक्यौता बुझाइहाल्छन् भन्ने कुराको ग्यारेण्टी नरहेको सापकोटा बताउँछन् ।

समान कामका लागि असमान पारिश्रमिक किन भन्ने जिज्ञासामा राख्दा चलचित्र निर्माता संघका महासचिव तथा चलचित्र विकास बोर्डका सदस्य अशोक शर्माको जवाफ छ- 'नेपाली सिनेमाको बजार हिरोका पछि लागेको छ, वितरकहरूले पनि हिरोको अनुहारका आधारमा सिनेमा किनिदिँदा हामी नायकलाई बढी पैसा दिन बाध्य भएका हौं ।'

*'फेरि भेटौंलाकी नायिका मनीषा कोइरालालाई नेपाली सिनेमाले फेरि भेट्न नसक्नुमा असमान पारिश्रमिक र अव्यवस्थित नीति नै दोषी छ ।'*

तर, अभिनेत्री विपना थापा यो कुरा मान्न तयार छैनन् । विपनाको दाबी छ- 'स्तरीय प्रस्तुतीकरण र नारीपात्रमाथि न्याय गरेर बनाइएका धेरै सिनेमा अभिनेत्रीकै कारणले चलेका छन् ।' आममानसिकतालाई औल्याउँदै अभिनेत्री थापा भन्छिन्- 'कथा लेख्दै केटालाई कल्पना गरेर, उसैको वरिपरि घटना घुमाइन्छ, त्यसो गर्दा नारी पात्रमात्रै होइन, ऊ सबै दृष्टिबाट कमजोर भएजस्तो भान हुने गरेको हो ।' अभिनेत्री थापा आफूहरूको पीडा प्रकट गर्ने वातावरण फिल्मलाइनमा नभएको गुनासो गर्छिन् । केटा मान्छेले पिट्ला, बाटो छेक्ला भन्ने डरले पनि निर्माताले सजिलै पैसा दिन्छन् तर त्यो गर्न नसक्ने महिला पीडित भइरहनुपरेको थापा बताउँछिन् । कसैको नाम लिएर निर्माताविरुद्ध बोलियो भने भोलिपल्टदेखि कामै नपाइएला कि भन्ने त्रास अधिकांश महिलामा रहेको उनको ठहर छ ।

चरित्र अभिनेत्री लक्ष्मी गिरीको आरोप छ- 'नेपाली सिनेमामा कथा नारीपरक तर प्रस्तुति पुरुषकेन्द्रित हुने गरेकाले पुरुषको तुलनामा महिला सधैं उपेक्षित रहने गरेका छन् ।' अक्सर नेपाली सिनेमाको कथावस्तु पारिवारिक र त्यसमा पनि नारीप्रधानका रूपमा तयार पार्ने चलन छ । तै पनि पारिश्रमिकको मूल्याङ्कनमा महिलालाई नै पछाडि राखिन्छ । अभिनेत्री निरुता सिंह भन्छिन्- 'आइमाईको रोनाधोना भएको फिल्म बनाएपछि चल्छ भन्ने, तर त्यही रोनाधोना गर्नेको पारिश्रमिक कम हुनु दुर्भाग्य हो ।'

अभिनेत्री लक्ष्मी गिरी चलचित्रसम्बन्धी नीति निर्माण तहमा समान प्रतिनिधित्व नहुनाले पनि महिला कलाकार उपेक्षित हुनुपरेको बताउँछिन् । यहाँसम्म कि, सरकारी चलचित्र विकास बोर्डमा एकजना पनि महिलाको प्रतिनिधित्व छैन । बोर्डको यसअघिको नेतृत्वमा बसुन्धरा भुसाल र करिश्मा मानन्धरले प्रतिनिधित्व गरे पनि उनीहरूको आवाजको सुनुवाइ पुरुषहरूको भन्दा कम भएको गिरीको भनाइ छ ।

चलचित्र विकास बोर्डका अध्यक्ष शम्भुजित बास्कोटा प्रोत्साहनको अभावले महिला कलाकारले पलायन हुनु नपरोस् भन्नका लागि बोर्डले भरमग्दुर प्रयत्न गर्ने बताउँछन् । बोर्डले केही समयअघि सार्वजनिक गरेको चलचित्र आचारसंहितामा पनि समानता र पेशागत सुरक्षाको ग्यारेन्टी रहेको र त्यसलाई प्रभावकारी बनाउनेतर्फ बोर्ड गम्भीरताका साथ लाग्ने दाबी गर्छन् अध्यक्ष बास्कोटा ।

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

# माइतीबाटै अपहेलित चेली समाजमा सम्मानित

***प्रजातन्त्र पुनर्स्थापनापछि महिलाविरुद्धका धेरै असमान कानुन र व्यवहारमा परिवर्तन गर्ने प्रयास भएका छन् तर अहिले पनि आफूखुसी विवाह गरेकी उनमायाले आफ्नै बाबुबाट भोगेका यो पीडा भने निकै पीडादायी छ ।***

✍ **रेवती सापकोटा**

मीठो खाने, राम्रो लगाउने अनि हाँसखेल गरेर आफ्ना प्रेमीसँग रमाइलोसँग दशैं मनाउने चाहना बोकेकी काभ्रेपलाञ्चोक जिल्लाको अनेकोट गाविसकी १८ वर्षीया उनमाया तामाङलाई गएको दशैंको फूलपातीको दिन राति साढे ११ बजे आफ्नै बाबुले कुट्दै ल्याएर डोरीले बाँधिदिए ।

छिमेकी सहपाठीहरूसँग समेत भेटघाट गर्न नसक्ने गरी आफ्नै बाबुद्वारा घरको माथिल्लो तलामा डोरीले बाँधिनुपर्दा उनको आँसुले शरीर भिज्यो । तर, उनका बाबु गणेशबहादुर तामाङ र दाजु यज्ञबहादुर तामाङको मन पलाएन । सुँक्क-सुँक्क गरी झन्डै ३० घण्टा रुनुपर्दा उनको घाँटी सुक्यो, आँखामा आँसु पनि सकिनै लाग्यो तर उनको विलौना बाबुले सुनेनन् ।

*महिलाको इच्छाविपरीत कसैले पनि गर्भपतन गराउनु अपराध हो । महिलाको इच्छाविपरीत गर्भपतन गराइएमा गर्भ रहेको दिन र महिना गणना गरेर सजाय हुने व्यवस्था कानुनमा छ ।*

घरमा काम गर्न बसेका ३२ वर्षीय आइतसिंह तामाङसँग प्रेम गरेर सधैं सँगै बाँच्ने वाचा गर्दै घर छोडेर हिंडेपछि उनमायाले यो नियति भोग्नुपरेको हो । दुई वर्षदेखि आफ्नो घरमा काम गर्दै आएका आइतसिंहसँग गत २४ असोजमा उनमाया घर छोडेर हिंडेकी थिइन् । अनेकोटकै मानडाँडास्थित आइतसिंहकी बहिनीको घरमा गएर बसेकी उनमायालाई घर छोडेर हिंडेको १२ दिनपछि फूलपातीको दिन राति बाबु गणेशबहादुरले पिट्दै घरमा ल्याएका थिए ।

आइतसिंहलाई मनपराउनु उनमाया अपराध गरेजस्तो ठान्दिनन् । उनी भन्छिन्- 'हामीले एक-अर्कोलाई मनपराउनु हाम्रो अपराध हो र ?' त्यसो त आइतसिंहको पनि उनमायाको जस्तै भनाइ छ । उनी भन्छन्- 'उनले मलाई मनपराइन् । मैले उनलाई मन पराएँ, अनि हामीले विवाह गर्ने निधो गर्‍यौं ।'

समाजशास्त्रीहरू उनमाया र आइतसिंहको विवाहलाई अनमेल भन्छन् । उनमाया र आइतसिंहको उमेरमा १४ वर्षको फरक छ । तर, अधिवक्ता भीमार्जुन आचार्यका अनुसार २० वर्षभन्दा कम उमेरको फरकमा गरिने विवाहलाई कानुनले अनमेल भन्दैन । संशोधित मुलुकी ऐनले २० वर्ष उमेर पुगेका युवा-युवतीले आफ्नो मञ्जुरीमा विवाह गरी घर बसाउन पाउने अधिकार दिएको छ ।

छिमेकमा एउटी अबला चेली आफ्नै बाबुको घरमा डोरीले बाँधिएर रोइरहेको सहन नसकी अष्टमीको दिन गणेशको घरमा भेला हुन पुगेका गाउँलेहरू अहिले पनि सजाय भोगिरहेका छन् । त्यो भेलामा गाउँलेले उनमाया र आइतसिंह राजीखुसीले

हिंडेका हुन् वा होइनन् भन्ने विषयमा छानबिन गरेका थिए। भेलामा सहभागी गणेशका भाइ तथा सिर्जना प्राथमिक विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर तामाङ भन्छन्- 'हाम्रो छानबिनमा केटा र केटीले एकले अर्कोलाई मन पराएको पाइयो। उनीहरू राजीखुसीले घर छोडेर हिंडेको पाइयो। त्यसैले उनीहरूलाई विवाह गराइदिनु उचित ठान्यौं र सबैले त्यही भन्यौं।'

गाउँमा आफूलाई आर्थिक र सामाजिक रूपमा सम्पन्न ठान्ने गणेशले एक सुर्को खेत नभएका आइतसिंहसँग छोरीले विवाह गर्दा आफ्नो इज्जतमाथि धक्का लागेको बताए। त्यसैले उनी आफ्नी छोरी उनमायालाई आइतसिंहबाट छुटाउन खोजेको दाबी गर्छन्।

जब नवमीको दिन बाबु गणेशबहादुरले गाउँलेहरूको दबाबमा उनमायालाई बाँधेको डोरी फुकाइदिए तब उनी दौडेर आइतसिंहलाई भेट्न पुगिन्। यसरी उनमाया आइतसिंहकहाँ जानुमा उनी गर्भवती भइसकेकोले पनि हुन सक्ने गाउँलेहरू बताउँछन्। उनीहरू भन्छन्-'आइतसिंहले छोडिदिएमा आफ्नो बिचल्ली हुने ठानेको पनि हुन सक्छ।' तर उनमाया र आइतसिंह आफूहरूमा एकले अर्कोलाई छोड्न नसक्ने गरी प्रेम सम्बन्ध रहेको बताउँछन्।

उनमायाका बाबु र दाजुले गर्भपतन गराउने असफल प्रयाससमेत गरेको गाउँलेहरू बताउँछन्। सिर्जना प्राविका प्रअ इन्द्रबहादुर तामाङका अनुसार उनमायालाई आइतसिंहबाट छुटाएर अर्को केटासँग विवाह गराउन गणेशबहादुरको परिवारले गर्भपतन गराउन खोजेको हो। अधिवक्ता भीमार्जुन आचार्य भन्छन्- 'महिलाको इच्छाविपरीत कसैले पनि गर्भपतन गराउनु अपराध हो।' महिलाको इच्छाविपरीत गर्भपतन गराइएमा गर्भ रहेको दिन र महिना गणना गरेर सजाय हुने व्यवस्था कानुनमा छ। तर, सम्बन्धित महिला आफैंले चाहेमा चिकित्सकको सिफारिसमा १२ हप्तासम्मको गर्भपतन गराउन पाउने व्यवस्था मुलुकी ऐनको ११ औं संशोधनले गरेको छ।

*आइतसिंहलाई मनपराउनु उनमाया अपराध गरेजस्तो ठान्दिनन्। उनी भन्छिन्- 'हामीले एक-अर्कोलाई मनपराउनु हाम्रो अपराध हो र?' त्यसो त आइतसिंहको पनि उनमायाको जस्तै भनाइ छ। उनी भन्छन्- 'उनले मलाई मनपराइन्। मैले उनलाई मन पराएँ, अनि हामीले विवाह गर्ने निधो गर्‍यौं।'*

उनमायाको इच्छाविपरीत गर्भपतन गराउन खोज्ने गणेश र यज्ञले उल्टै गाउँलेसँगको सम्बन्धलाई चिस्याएका छन्। आइतसिंह तामाङसहित गाउँका लाक्पा तामाङ, चन्द्रसिंह तामाङ, पञ्चसिंह तामाङ र सूर्यबहादुर तामाङसहितका गाउँलेलाई माओवादीको आरोप लगाएर उनमायालाई अपहरण गरेको आरोप लगाइयो। र, दाजु यज्ञबहादुर तामाङले कोजाग्रत पूर्णिमाको भोलिपल्ट जिल्ला प्रशासन कार्यालय काभ्रेमा उजुरी पनि दिए।

गाउँलेले त्यो सूचना पाएपछि प्रहरीले पक्रनुअघि आफैं जिल्ला प्रशासन कार्यालयमा गएर वास्तविकता बताइदिए। तर, जिल्ला प्रशासनले मुद्दाको छिनोफानो कहिले गर्ने हो टुंगो छैन। आरोपित कोही पनि माओवादी नभएको गाउँलेहरू बताउँछन्। उनीहरू भन्छन्- 'रिस पोख्न गाउँलेलाई माओवादीको आरोप लगाई मुद्दा लगाइएको हो।' उनमायाको क्रन्दन सुन्न नसकेर उनलाई बाँधिएको डोरी फुकाउन गणेशबहादुरको घरमा भेला भएका गाउँलेहरू अहिले पनि माओवादीको आरोपमा तारेख धाउन बाध्य छन्।

चार महिनाकी गर्भवती उनमायालाई आइतसिंहसँग औपचारिक रूपमा विवाह गराई समाजमा स्थापित गराउने उद्देश्यले गाउँका राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी र संघसंस्थाको पहलमा ६ मंसिरमा सिर्जना प्राविमा विवाह समारोह नै आयोजना गरियो। नेपाली कांग्रेसका धनबहादुर तामाङ, एमालेका मानबहादुर तामाङ, तामाङ घेदुङ संघका मैतसिंह घिसिङ, सिर्जना प्राविका प्रअ इन्द्रबहादुर तामाङलगायत गाउँका महिला, पुरुष र विद्यार्थीले समेत वैवाहिक सम्बन्धलाई सफल बनाउन फूलमाला र अबिर लगाइदिएर उनमाया र आइतसिंहलाई शुभकामना दिए। प्रअ तामाङ भन्छन्- 'उनमाया माइतीबाट अपहेलित हुनुपरे पनि उनीहरूको विवाहलाई समाजले सम्मानित गरेको छ।'

केटा सामान्य साक्षर मात्रै छन् भने केटीले पाँच कक्षासम्म पढेकी छिन्। केटीका बाबुआमाको

तुलनामा केटाको आर्थिक अवस्था कमजोर छ । आइतसिंहको खेत छैन, बारी मात्रै छ । तर पनि केटीभन्दा केटा उच्च हुनुपर्छ भन्ने सामाजिक मान्यताको विपक्षमा उनमायाले विद्रोह गरेकी छिन् । समाजशास्त्री भानु तिमिल्सिना भन्छन्- 'यी दृष्टिकोणबाट हेर्दा केटीका बाबु र दाजुले उनीहरूलाई विवाह गर्नबाट रोक्न खोज्नु ठीक होइन । आफ्नो इज्जतमाथि धक्का लागेको आरोप लगाउँदै केटीका दाजुले गाउँले र केटालाई मुद्दा हालेका छन् ।'

चलचित्रको कथाझैं लाग्ने यो घटना धनी-गरिबबीचको विभेदको विपक्षमा रहेका केटा-केटी र गाउँले अनि पक्षमा रहेका गणेशबहादुरको परिवारबीचको द्वन्द्व हो । नेपाली समाजमा रहेको अन्धविश्वासका कारण यो द्वन्द्व जन्मेको हो । ग्रामीण समाजमा भेटिने अनेकौं घटनामध्येको यो एउटा प्रतिनिधिमूलक घटना हो । समाजमा आमप्रवृत्तिको रूपमा यस्ता अनेकौं घटना पाइन्छन् । तत्कालको धनी-गरिबलाई हेर्नुभन्दा पनि उनीहरूले गर्ने श्रमलाई गणेशबहादुरको परिवारले सम्मान गर्न सिक्नुपर्ने अनेकोटबासी बताउँछन् ।

उनमाया र आइतसिंहको विवाहले धेरै विषयवस्तुलाई झकझक्याएर समाजमा परिवर्तन ल्याएको विश्लेषण छ समाजशास्त्री तिमिल्सिनाको । गर्भवती उनमायाको स्याहारमा ध्यान पुऱ्याइरहेका आइतसिंह भन्छन्- 'अहिले हामीलाई राम्रो छ र खुसी पनि छौं ।'

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

# ५७ वर्षीया मीरा किताब बोकेर स्कुलतिर

**भनिन्छ मन भए नहुने केही पनि छैन । ललितपुर सातदोबाटोको प्रेरणा विद्यालयमा पढ्ने यी महिलाहरू देखेर जोकोहीमा पनि उत्साह नपलाउने कुरै छैन ।**

**✍ कमल गिरी**

कलेजी रंगको स्वीटर, रातो किरेमिरे धोती पहिरेकी ५७ वर्षकी ती वृद्धा बिहान १० बजे नै किताबकापी च्यापेर विद्यालय जान हतारिन्छिन् । रामेछाप अर्खेनीकी मीरा लामा यतिबेला कक्षा २ मा अध्ययन गर्दैछिन् ।

अघिल्लो वर्ष कक्षा १ पास गरेकी मीरालाई कक्षा २ मा पुग्दा झन् रमाइलो लागेको छ । 'यो उमेरमा पढेर केही उद्यम गरौंला भन्ने त छैन, पत्रिका पढ्न, चिठी लेख्न र पसलमा बसेर हिसाबकिताब गर्न जाने ठूलो सर्टिफिकेट हुन्छ मेरा लागि'- उनले भनिन् ।

दुई छोरा, तीन छोरीकी ती आमाका घरमा बी.ए. र एम.ए. गरेका त छोराछोरी नै छन् । भारतीय पल्टनबाट पेन्सन पकाएका उनका श्रीमान् नैनबहादुर लामाले उनलाई विद्यालय जान दिएर समर्थन मात्र गरेनन् । उनी अझ सिंगो

*दुई छोरा, तीन छोरीकी ती आमाका घरमा बी.ए. र एम.ए. गरेका त छोराछोरी नै छन् । भारतीय पल्टनबाट पेन्सन पकाएका उनका श्रीमान् नैनबहादुर लामाले उनलाई विद्यालय जान दिएर समर्थन मात्र गरेनन् । उनी अझ सिंगो*

*परिवा*

*उमेर पुगेका महिलाहरूले पढ्ने विद्यालय स्थापना गर्ने नीति सरकारीस्तरमा नबनेकाले आफूहरूले यो काम थालनी गरेको प्रिन्सिपल श्रीमती जनक चालिसेको धारणा छ । सानोमा पढ्न नपाए पनि पढ्ने रहर नमरेका थुप्रै महिला छन् ।*

माध्यमिकस्तरको विद्यालय हो। ललितपुरको सातदोबाटोस्थित उक्त प्रेरणा महिला माध्यमिक विद्यालयले गत वर्ष ६ जना विद्यार्थीलाई पहिलोपटक एसएलसी पास गराउन सफल भइसकेको छ ।

१४ वर्षमाथिका महिलाले मात्र अध्ययन गर्न पाउने उक्त माविले कक्षा ६ मा २६ विद्यार्थीबाट आफ्नो यात्रा सुरु गरेको हो। हाल त्यहाँ चार सय पचासभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको प्रिन्सिपल श्रीमती जनक चालिसे बताउँछिन् ।

मनमा पढ्ने ठूलो धोको छ। सानोमा पनि पढ्न पाइएन। उमेर गइसक्यो भनेर चिन्ता नगर्नुस्। कुमारी महरा यसै विद्यालयकी एक विद्यार्थी हुन्। तर, उनको आँट र हिम्मतले उनलाई समाजका अरू शिक्षित महिलासरह पुऱ्याइछाड्यो। उमेरले रोकेन। गत वर्ष यसै विद्यालयबाट प्रथम श्रेणीमा एसएलसी पास गरेकी कुमारी आजभोलि पासाङ ल्हामु कलेजकी विद्यार्थी बनेकी छन्। विद्यार्थीका ठूलाठूला लक्ष्य र सपना हुने गर्दछन्। कुनै पढेर डाक्टर बन्ने लक्ष्य राख्छन्, कुनै इन्जिनियर बन्ने लक्ष्य लिएर पढ्छन्। पढ्नेहरू हरेकका आ-आफ्नै उद्देश्य हुन्छन् तर, यो विद्यालयमा पढ्न आउने विद्यार्थीको लक्ष्य भने डाक्टर र इन्जिनियर बन्नु होइन। 'एसएलसी पास गरियो भने त शिक्षक पनि बन्न सकिन्छ। समाजसेवा गरी हामीजस्तै पीडित महिलाका लागि कुनै सहयोग पनि गर्न सकिन्छ' यसै विद्यालयकी कक्षा १० मा अध्ययनरत ३८ वर्षीया विमला न्यौपानेले भनिन्। उनका दुई छोराछोरी छन्। हेटौंडाको भैंसेखानीमा जन्मेकी विमलाले टेस्ट परीक्षा दिएको वर्ष प्रजातान्त्रिक आन्दोलनले सिंगो मुलुक नै तताएको थियो। तातेको आन्दोलनले सफलता त चुम्यो तर विमलाको जीवनमा भने त्यही वर्षदेखि डडेलो लाग्न थाल्यो। श्रीमान् उनलाई छाडेर बेपत्ता भए। गरीखाने सम्पत्ति छैन। समाजबाट घृणा र तिरस्कार मात्र पाउन थालेपछि गर्भवती विमला कामका खोजीमा अनेक ठाउँमा भौंतारिन्। अहिले छोराछोरी पनि हुर्किसके। छोरीलाई विदेशीले पढाइदिएका छन् भने छोरा महेश देवघाट आश्रममा पढ्दै छन्। अर्को विवाह गरिबसेको श्रीमान्सँग उनको अधिकार लाग्ने कुनै चल सम्पत्ति छैन। सबै दुःख बेहोरे पनि पढ्ने धोको रहिरह्यो उनमा। अर्काको काम सघाएर जीविकोपार्जन गरिरहेकी विमला भन्छिन् '१० कक्षा पास गरिछाड्ने ठूलो धोको छ। मेहनत गरेकी छु पास कसो नगरुँला र। अहिले त आशा छ' उनमा दरिलो आँट छ 'पढ्नेहरू आफ्नो उमेर मिल्दा भएकाले पढ्दा रमाइलो लाग्छ' उत्साहित छिन् विमला।

शिक्षाको माध्यमबाट महिला सशक्तीकरण गर्ने उद्देश्यसहित चारजना महिलावादी समाजसेवी प्रभा चालिसे, राधा तिमिल्सिना, प्रमिला शर्मा र जनक चालिसको सक्रियतामा यो विद्यालयको स्थापना भएको हो। यस विद्यालयमा मजदुरदेखि संभ्रान्त परिवारका महिला पनि पढ्न आउँछन्।

'म छ महिनाकी छँदै बुबा बित्नुभयो। १५ छोराछोरी थियौं। दाजुहरूले त पढ्नुभएन झन् हामी छोरीले पढ्ने कुरै भएन। त्यसमा पनि बाँच्नै गाह्रो थियो' ताप्लेजुङ घर भएकी ३० वर्षीया माया वि.क.ले अतीत सम्झँदै भनिन्, '१५ वर्ष हुँदा मोरङमा विवाह भयो। पढ्न नपाएको चिन्ता थियो। अहिले श्रीमान्को सहयोगमा यस विद्यालयमा भर्ना भई कक्षा २ मा पढिरहेकी छु। दश पास गर्न नसके पनि सामान्य हिसाब राख्ने, कार्यालयका साइनबोर्ड हेर्न सक्नेसम्म भए मलाई पुग्छ।' मायाले थपिन् 'पढ्न थालेपछि अहिले त मान्छेसँग बोल्न पनि डर लाग्दैन। हामीले पनि केही गर्न सक्छौं भन्ने आत्मबल बढेको छ।'

यस विद्यालयमा अहिले कक्षा १ देखि १० सम्मका विद्यार्थीका लागि पाँच सय रुपैयाँ भर्ना शुल्क र मासिक शुल्क तीन सय छ। सरकारी विद्यालयकै प्रारूपअन्तर्गत सञ्चालित यस विद्यालयको व्यवस्थापन खर्च विद्यार्थी शुल्कबाटै चलेको भनाइ सञ्चालकहरूको छ।

उमेर पुगेका महिलाहरूले पढ्ने विद्यालय स्थापना गर्ने नीति सरकारीस्तरमा नबनेकाले आफूहरूले यो काम थालनी गरेको प्रिन्सिपल श्रीमती जनक चालिसेको धारणा छ। 'सानोमा पढ्न नपाए पनि पढ्ने रहर नमरेका थुप्रै महिला छन्, हामीले अझ प्रचार गर्न सकिरहेका छैनौं। निश्चय पनि हाम्रो यस अभियानले देश विकासमा ठूला टेवा पुग्नेछ भन्ने ठानेका छौं।' कोही श्रीमान्को व्यापार-व्यवसायमा सघाउन पढ्न आएका छन् त कोही शिक्षित भएर उच्च दर्जा पाउने आशामा पढ्न आएका छन्।

बिहान र दिउँसो पढाइ हुने यस विद्यालयको शैक्षिकसत्र शिक्षा मन्त्रालयको पाठ्यक्रम र कार्यतालिकाअनुसार नै हुने गरेको छ ।

'सानोमा विद्यालय जाँदा-जाँदै आफैं छोडें । पहिले पढ्न जानै मन लागेन, पछि खुब पछुतो लाग्यो । अहिले धेरै खुसी छु ।' २४ वर्षीया जुनु शाहलाई पढ्नलाई अब कुनै समस्या छैन । बालाजु घर भएकी जुनु बचेको समयमा आफ्नै एम. ब्युटीपार्लरमा व्यस्त रहन्छिन् । जसरी पनि एसएलसी गरी आफ्नै व्यवसायलाई फस्टाउँदै लैजाने लक्ष्य उनले राखेकी छन् । 'मलाई पढ्नलाई कुनै समस्या छैन, घरपरिवारबाट सबैको सहयोग छ । पढ्नकै लागि ५० हजार जति आफ्नै कमाई छुट्याएर राखेकी छु ।' जुनुको दरिलो आँट छ ।

यसैगरी राजधानीको तिनकुनेमा यस्तै खालको अर्को उत्प्रेरणा महिला विद्यालय यसै वर्षदेखि सुरु भएको छ । १ देखि कक्षा ४ सम्म पढाइ हुने यस विद्यालयमा विद्यार्थीको संख्या अहिले १ सय पुगेको विद्यालयकी प्रिन्सिपल गौरा रिजाल बताउँछिन् । प्रौढहरूलाई पढाउने सरकारी नीति नभएको दाबी गर्दै राजधानीमा यस्ता विद्यालय खुलेका छन् । तर, शिक्षा विभाग, लैंगिक समविकास शाखाकी उपनिर्देशक रामप्यारी श्रेष्ठ भने सरकारले पढ्नेहरूका लागि प्राइभेट एसएलसीको पनि व्यवस्था गरेको र दुर्गम क्षेत्रका केही जिल्लामा छात्राबासमा बसेर विद्यालय तह पास गर्न चाहनेका लागि निःशुल्क छात्रवृत्तिको व्यवस्था गरेकोसमेत दाबी गर्नुहुन्छ ।

जिल्ला शिक्षा कार्यालय काठमाडौंका जिशिअ जीवन शर्मा पौडेल सरकारको अनौपचारिक शिक्षा दिने नीति भए तापनि उमेर पुगेका महिलालाई यसरी औपचारिक शिक्षा आर्जन गर्ने व्यवस्था भने नभएको स्वीकार गर्नुहुन्छ ।

पछिल्लो सरकारी तथ्यांकअनुसार पनि पुरुषको साक्षरता प्रतिशत ६५.७४ छ भने महिलाको ४२.४९ रहेको छ । दशौं योजनामा सरकारले सशक्तीकरणमा महिला शिक्षाको महत्वलाई बोध गर्दै महिला साक्षरता कार्यक्रमलाई अभियानको रूपमा अगाडि ल्याउने बताए पनि त्यसो हुन सकिरहेको छैन ।

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

# बोक्सीको आरोपमा पात्लो खेप्न विवश बुद्धिसरा

***समाजले सम्मान गर्नुपर्ने ७० वर्षीया बुद्धिसरालाई बोक्सीको आरोपमा अपमानित गर्दा समेत कसैले न्याय नदिएपछि उनको मन कुँडियो ।***

**✍ नारायण विवश**

सतहत्तर वर्षीया वृद्धा बुद्धिसरा आलेलाई आफ्नै छिमेकीले बोक्सीको आरोप लगाउँदै ढोकामा पात्लो फालेर अपमान गर्दा पनि गाउँलेहरू बुद्धिसराको पक्षमा कोही बोलेनन् ।

*जिल्ला सदरमुकाम घोराहीदेखि ७ किलोमिटर पश्चिम जंगलको बीचमा अवस्थित यो गाउँमा रातैपिच्छे एउटा न एउटा घरमा धामीझाँक्री बसेकै हुन्छ । प्रत्येक रात बोक्सीलाई पात्लो फालिन्छ । कुखुरा, चल्ला, खसी खाएर*

बुद्धिसराले एकाबिहानै ढोका खोलेर हेर्दा ढोकामा पात्लो फालेको देखेपछि रातभर ढ्यांग्रोसहित झाँक्री बसालेका आफ्ना छिमेकी लक्ष्मण पुनका परिवारले फालेको हुनसक्ने ठोकुवा गरिन् । आफ्नो ढोकामा पात्लो (बोक्सी मन्साउने) फालेको देखेपछि आफूलाई अपमानित भएको महसुस गर्दै रोई, कराई विलाप गरिन् तर उनका छोराबुहारीबाहेक बुद्धिसराको बेदना कसैले सुनेन ।

दाङ जिल्लाको हापुर गाविस-७ बाँसगजेरी गाउँमा बुद्धिसराजस्ता धेरै महिलालाई बोक्सीको आरोपमा प्रत्येक रात

पात्लो खुवाउने गरिन्छ। जिल्ला सदरमुकाम घोराहीदेखि ७ किलोमिटर पश्चिम जंगलको बीचमा अवस्थित यो गाउँमा रातैपिच्छे एउटा न एउटा घरमा धामीझाँक्री बसेकै हुन्छ। प्रत्येक रात बोक्सीलाई पात्लो फालिन्छ। कुखुरा, चल्ला, खसी खाएर धामीझाँक्री रमाउँछन्। झाँक्रीले कसलाई बोक्सी भन्छन् भनेर रमितेहरू उत्सुक हुन्छन्।

कति महिलालाई त थाहै हुँदैन गाउँलेले आफूलाई बोक्सीको शंका गरेको। गाउँले खासखुस कुरा गर्छन् तर कति आशंकितहरूलाई मुख फोड्न भने सक्दैनन्। त्यसो त बुद्धिसराले प्रत्यक्ष रूपमा प्रतिकार गरेपछि उनी खुला रूपमा देखिएकी छन्। अन्य ५ जना महिलालाई गाउँलेले धामीझाँक्रीको भनाइका आधारमा बोक्सीको रूपमा हेर्ने गरेका छन्। धामीझाँक्रीहरूले अप्रत्यक्ष रूपमा बोक्सीको आरोप लगाए पनि खुलेर प्रतिवाद गर्न ती महिलाहरू डराउँछन्- एक स्थानीय युवाले भने।

समाजले सम्मान गर्नुपर्ने ७० वर्षीया विधवा बुद्धिसरालाई बोक्सीको आरोपमा अपमानित गर्दा कसैले न्यायनिसाफ नदिएपछि उनको मन सारै कुँडियो। बुद्धिसरा भन्छिन्- आफूलाई बोक्सी भनेर दैलोमा पात्लो फालेपछि मन भकभक पोल्यो, औडाहा भयो, रोएर रातदिन बिताएँ, साताभरि निद्रा लागेन।

छोरो पनि बोल्न सक्दैन, डराउँछ। म बूढीलाई हेला गरेर नानाथरी आरोप लगाएका छन्। बिरामी पर्दा ओखती गर्नुपर्छ भन्ने कसैलाई थाहा छैन ? मलाई त रिस गरेरै बोक्सी भनेका हुन्- बुद्धिसराले भनिन्। बुद्धिसराले पुराना कुरा कोट्याउँदै भनिन्- केही महिनाअघि छिमेकीले काम चलाउन कसौडी लगेका थिए, २ महिनापछि माग्न जाँदा उल्टै झगडा गरेर निहुँ खोजेका थिए। त्यही रिसमा बोक्सी भनेर मेरो ढोकामा पात्लो फालेका हुन्।

हुन त नेकपा एमालेका हापुर गाविसका पार्टीसचिव कुलबहादुर लामिछाने पनि बुद्धिसराका छिमेकी हुन्। त्यति मात्र होइन, उनी गाविसका पूर्वउपाध्यक्ष पनि हुन्। तर, बुद्धिसराको निसाफ भने उनले छिन्न सकेनन्। पूर्वउपाध्यक्ष लामिछाने भन्छन्- यहाँ त बोक्सी हुँदैनन् भन्नेहरूलाई यहाँका समाजले उल्टो पागल बनाउँछ।

उपाध्यक्ष लामिछानेका अनुसार कुल १ सय २६ घरधुरी रहेको सो गाउँमा ६ सय ३० जनसंख्या रहेको छ। मगर, कामी र क्षेत्री जातिको बाहुल्य रहेको सो गाउँमा १० वर्षमुनिका बालबालिकाबाहेक ९० प्रतिशत जनता निरक्षर छन्।

शैक्षिक अवस्था नाजुक भएको यस्तो ठाउँमा रुढीवादी परम्पराविरुद्धका कुरा गर्नेलाई यहाँको समाजले तिरस्कार गर्छ- उपाध्यक्ष लामिछानेले भन्छन्- यहाँ त कसैको आँखा पाक्यो, कान दुख्यो, ग्यास्टिक भयो, झाडापखाला लाग्यो, रुघाखोकी लाग्यो, पिनास पऱ्यो सबै रोगमा धामीझाँक्री गुहारिन्छ। त्यति मात्र कहाँ हो र भैंसीले दूध दिएन भने पनि झाँक्री बसालिन्छ।

स्वास्थ्य उपचौकी ३ किलोमिटर मात्र नजिक विजौरी डाँडामा छ। तर, उनीहरू त्यहाँ जानुभन्दा धामीझाँक्री गर्न सजिलो मान्छन्। अस्पतालमा गए धेरै पैसा खर्च हुने तर धामीझाँक्रीलाई सय-दुई सयमा टार्न सकिने सोचका कारण पनि उनीहरू झाँक्रीप्रति आकर्षित भएका हुन्- स्थानीय शिक्षक टीकाराम खनाल भन्छन्।

त्यस गाउँमा बुद्धिसरा आले त प्रतिशोधमा उत्रिएकी महिला हुन्, आफूलाई बोक्सीको आरोप लाग्दासमेत निरीह भएर बस्ने महिलाहरूको संख्या पनि उत्तिकै छ। बोक्सीमा आरोपित अर्की महिला रितादेवीले (नाम परिवर्तन) पनि धामीझाँक्री बनेर सोझासाझालाई ठग्नेहरूले आफूलाई पनि बोक्सीको आरोप लगाउने गरेको आफूले सुनेको बताउँदै भनिन्- हल्ला सुन्छु तर मेरोसामु तँ बोक्सी हो भन्न कोही आएको छैन। उनी भन्छिन्- यहाँ त दुःखी, गरिब, वृद्धहरूलाई बोक्सीको शंका गरी त्यस्ता महिलालाई देखेपछि बोक्सी लाग्छन् भनेर साना छोराछोरी पनि लुकाउने गर्छन्। दही, दूधबाट बोक्सी लाग्न सजिलो हुने शंका गर्दै शंका गरिएका महिलाहरूको घरमा बोक्सीको शंका गर्ने विवेकहीनहरूले दही, दूध दिए पनि खाँदैनन्- उनले भनिन्।

त्यसो त गाउँमा स्थानीय महिला स्वयंसेविका पनि छन्। उनले सुडेनी तालिम पनि प्राप्त गरेकी छन्। तर, गाउँलेहरू स्वास्थ्य समस्याबारे स्वयंसेविकासँग सरोकार राख्दैनन्। स्वयंसेविका थमादेवी पाण्डे भन्छिन्- रुघा लागे पनि झाँक्री खोज्ने समाजले स्वास्थ्य स्वयंसेविकासँग के सल्लाह लिन्थे ? बरु सुत्केरी हुनेहरूलाई अप्ठ्यारो पऱ्यो भने मकहाँ आउँछन्।

सुत्केरी हुनुभन्दा अघि कोही पनि सम्पर्कमा आउँदैनन् तर सहजरूपमा सुत्केरी हुन नसक्ने, अस्पताल लगेर अपरेसन गर्नुपर्ने अवस्थामा समय गुज्रिसकेपछि सम्पर्कमा आउँछन्। अप्ठ्यारो परिस्थिति परेपछि मात्र लौन सुडेनी दिदी ज्यान बचाइदिनुपऱ्यो भनेर आउँछन्- पाण्डेले भनिन्। उनी भन्छिन्- मेरो क्षमताले भ्याएसम्म गर्छु। नसके अस्पताल लैजाऊ भनेर सल्लाह दिन्छु। अन्तिम अवस्थामा दिएको

सल्लाहले के काम ? कि त आमाले ज्यान गुमाउँछिन्

*छोरो पनि बोल्न सक्दैन, डराउँछ । म बूढीलाई हेला गरेर नानाथरी आरोप लगाएका छन् । बिरामी पर्दा ओखती गर्नुपर्छ भन्ने कसैलाई थाहा छैन ? मलाई त रिस गरेरै बोक्सी भनेका हुन् ।*

कि त बच्चा मर्छ ।

बोक्सीको आरोप र धामीझाँक्री प्रथाविरुद्ध एक्लै लागेर नहुने रै'छ । महिलाहरूले स्वयं आफूजस्तै महिलालाई बोक्सीको आरोप लगाउँछन् । बोक्सीमा विश्वास गर्ने पुरुषभन्दा बढी महिलाहरू नै छन् । यस्तो अज्ञानताको कालो बादल नहटाएसम्म यहाँ केही हुँदैन- स्वयंसेविका पाण्डेले गाउँको स्थितिप्रति चिन्ता व्यक्ति गरिन् ।

त्यसो त बोक्सीको आरोप लाग्दा पीडितलाई स्वयं महिलाहरूले साथ नदिएपछि आरोपितहरूको प्रतिकार गर्ने मनोबल गिरेको छ । आफूले प्रतिकार गर्दा गाउँलेहरूले साथ नदिएपछि माओवादी कार्यकर्ताले बुद्धिसराको निसाफ गरिदिएको पीडित बुद्धिसरा आले बताउँछिन् ।

आइन्दा गाउँमा कसैले कसैलाई बोक्सीको आरोप नलगाउने भन्दै बुद्धिसराका विपक्षी लक्ष्मण पुनलाई माओवादी कार्यकर्ताले कागज गराएपछि बुद्धिसराको मन अहिले हलुको भएको छ ।

बोक्सीमा आरोपित महिलाहरू अदालतको ढोकासम्म पुग्ने अवसरको अभावमा झन् पीडित बन्दै गएको अधिवक्ता निर्मला सुवेदी बताउनुहुन्छ ।

बोक्सी भनेर आरोपित हुने महिलाहरूले आरोप लगाउनेउपर गाली बेइज्जती मुद्दा दिन सक्ने ऐनमा व्यवस्था भए पनि आर्थिक अभाव र विपन्नताका कारण अदालतमा मुद्दा हाल्न नसकेको अधिवक्ता सुवेदीले बताउनुभयो ।

प्रायः बोक्सीमा आरोपित महिलाहरू अत्यन्त गरिब र निमुखाहरू हुने हुँदा उनीहरू कसैका पनि विरुद्धमा प्रतिकार गर्न सक्दैनन्, बरु सत्य श्राप दिएर आँसु पिउँदै बस्छन् उनीहरु- सुवेदी भन्नुहुन्छ ।

□□□

*सञ्चारिका लेखमाला□सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह ⁄ नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९, फ्याक्स : ५५४७२९१
इ-मेलः **sancharika@wlink.com.np**

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिकासम्बन्धी समाचार तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला ⁄ सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सम्पादक
निर्मला शर्मा